# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड-५, मालारानी गाउँपालिका, मितिः २०७९/०९/३० संख्या : ५


भाग १

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

प्रमाणीकरण मितिः २०७९/०९/२८

## मालारानी गाउँपालिकाको संस्था दर्ता विद्येयक, २०७९

**प्रस्तावनाः** संघ र संस्था खोल्न पाउने नागरिक मौलिक हकलाई सुनिश्चित गरी गैर सरकारी क्षेत्रमा स्थापना हुने सामाजिक तथा नागरिक समाजका संस्थाहरुलाई सामाजिक सेवा, पर्यावरणीय तथा नागरिक अधिकार संरक्षण तथा सामाजिक विकासमा संलग्न गराउन त्यस्ता संस्थाहरुको स्थापना, दर्ता र व्यवस्थापनको नियमन गर्न, त्यस्ता संस्थाहरुले सम्पादन गर्ने काम कारवाहीलाई जवाफदेही र पारदर्शी बनाउन र सामाजिक संघसंस्थाको दिगोपना सुनिश्चित गरी राष्ट्रीय विकास र समृद्धिको मूल

प्रवाहमा त्यस्ता संस्थाको भूमिका प्रवर्द्धधन गर्न, सामाजिक तथा नागरिक संस्था दर्ता तथा संचालन सम्वन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकोले मालारानी गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ बमोजिम स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ११ मो उपदफा ४(ठ) अनुसार स्थानीय तहलाई प्राप्त स्थानीय स्तरमा समाज कल्याण सम्वन्धी संघ संस्थाको दर्ता, नविकरण तथा नियमन सम्वन्धि अधिकारको प्रयोग गरि यो विद्येयक बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मालारानी गाउँपालिका सामाजिक संस्था दर्ता विद्येयक,२०७९ रहेको छ।

(२) यो ऐनको विस्तार गाउँपालिका भर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) अन्तराष्ट्रिय गैर सरकारी संस्था भन्नाले अन्तराष्ट्रिय कानून वा अन्तराष्ट्रिय अभ्यास बमोजिम मान्यता प्राप्त अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्झनुपर्छ र सो शब्दले संयुक्त राष्ट्र संघको महासभामा अन्तराष्ट्रिय गैर सरकारी संस्थाका रुपमा पर्यवेक्षकका हैसियत प्राप्त संस्था समेतलाई जनाउनेछ ।

(ख) कार्यकारी समिति भन्नाले संस्थाका कार्यकारी समितिलाई सम्झनु पर्छ र सो शब्दले तदर्थ समिति समेतलाई जनाउनेछ ।

(ग) विधान भन्नाले संस्थाको विधान सम्झनु पर्दछ ।

(घ) विनियमावली भन्नाले संस्थाको विनियमावली सम्झनुपर्छ ।

(ङ) विदेशी गैर सरकारी संस्था भन्नाले विदेशी राज्यको कानून बमोजिम दर्ता वा स्थापना भएका गैर सरकारी संस्थालाई सम्झनु पर्दछ ।

(च) सदस्य भन्नाले संस्थाका साधरण सदस्य, आजिवन सदस्य वा अन्य कुनै किसिमको सदस्य सम्झनु पर्दछ ।

(छ) संस्था भन्नाले कुनै सामाजिक, साहित्यक, साँस्कृतिक, वैज्ञानिक,

कल्याणकारी, धार्मिक, शैक्षिक, व्यवसायिक, बौद्धिक, अनुसन्धानमूलक, शारीरिक,परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा अधिकार, सुशासन वा सामाजिक न्यायका लागि पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब (युवा, क्लव), समुह, परिषद, संगठन, परिषद, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनु पर्छ र सो शब्दले संस्थाहरुको महासंघ वा विदेशी मुलुकसँग जनमेत्री वा साँस्कृतिक सम्वन्ध विस्तार गर्ने उद्देश्यले स्थापना हुने मैत्री संघ वा साँस्कृतिक संघ समेतलाई जनाउनेछ ।

(ज) साधारण सभा भन्नाले दफा १५ बमोजिमको संस्थाको साधरण सभा सम्झनु पर्दछ ।

(झ) दर्ता अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत सम्झनु पर्दछ ।

(ञ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) गाउँपालिका भन्नाले मालारानी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ठ) गाउँकार्यपालिका भन्नाले मालारानी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ड) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मालारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## संस्थाको स्थापना, दर्ता तथा सञ्चालन

### ३. संस्था स्थापना गर्न नागरिक स्वतन्त्रताः

(१) प्रत्येक नेपाली नागरिकलाई अन्य नेपाली नागिरकसँग मिलि यस ऐन वा प्रचलित कानूनको अधिनमा रहि सामाजिक संघ संस्था खोल्ने, स्थापना गर्ने र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा, सहुलियत र छुट प्रयोग गर्न सक्ने र कर्तव्यको पालना तथा दायित्व निर्वाह गर्नुपर्नेछ ।

**४. संस्थाको सदस्यता प्राप्त गर्ने:** संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने प्रत्येक योग्य नागरिकलाई यस ऐनको अधीनमा रही संस्थाको सदस्यता प्राप्त गर्ने, ति संस्थाका सम्वन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो संस्थाको सदस्यता अन्य योग्य नागरिकलाई वितरण गर्ने वा त्यस्तो संस्थाको संचालनको प्रयोजनका लागि कानून बमोजिम कुनै स्रोत वा रकम संकलन गर्न स्वतन्त्रता हुनेछ ।

**५. संस्था दर्ता गराउनु पर्ने:** (१) दफा ३ बमोजिम संस्था खोल्न वा स्थापना गर्न चाहने कुनै नेपाली सो भन्दा बढी नेपाली नागरिकले त्यस्तो संस्था दर्ता अधिकारी समक्ष दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीबाट संस्था दर्ता भएमा संस्था स्थापना भएको वा खोलिएको मानिनेछ ।

**६. संस्था दर्ता गराउन निवेदन दिने:** (१) संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले देहायको विवरण सहित संस्था दर्ता गर्नको लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) संस्थाको प्रमुख उद्देश्य,

(ग) संस्थाको कार्यक्षेत्र,

(घ) संस्थाको आयस्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) संस्था दर्ता गराउनको लागि तदर्थ समिति गठन भएको वा नभएको विवरण,

(छ) तदर्थ समिति गठन भएको भए त्यस्तो समितिको पदाधिकारीको नामावली,

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ,

(क) संस्थाको प्रस्तावित विधायनको दुई प्रति,

(ख) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकको नागरिकताको प्रमाणपत्र, नावालिग भए नेपाली नागरिक भएको प्रमाणित गर्ने कुनै परिचय पत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ग) संस्थाको पहिचान जनाउने कुनै चिन्ह भए त्यसको नमुना,

(घ) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकले प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नु पर्ने कर बाँकी  नरहेको लिखित उद्घघोषण,

(ङ) संस्था स्थापना नभएसम्मको लागि व्यवस्गापन, कार्य सम्पादन गर्न तदर्थ समितिको पदाधिकारीको रुपमा रहने व्यक्तिको मञ्जुरी ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनको सम्वन्धमा  दर्ता अधिकारीले आवश्यक अध्ययन र जाँचबुझ गरी संस्था दर्ता गर्न उचित  ठानेमा दर्ता गर्न सकिने वा दर्ता गर्न उचित ठानेमा  दर्ता गर्न सकिने वा दर्ता गर्न नसकिने भए सो को नर्णय  गरी निवेदकलाइ कारण सहित लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अध्ययन वा जाँचबुझ गर्दा प्रस्तावित संस्थाको उद्देश्य वा काम कारवाहीको सम्वन्धमा कुनै कुरा स्पष्ट  गर्न आवश्यक भएमा दर्ता अधिकारीले सम्वन्धित निवेदकलाई आग्रह गर्न वा थप कागजात माग गर्न सक्नेछ  र त्यसरी थप कागजात माग भएकोमा सम्वन्धित व्यक्तिले त्यस्ता कुरा स्पष्ट गर्नु वा माग बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसको जानकारी पाएको पैतिस दिनभित्र स्थानिय स्तरको संस्थाको दर्ताको सम्वन्धमा निर्णय भएको भए सम्वन्धित जिल्ला अदालत र अन्य स्तरका संस्था दर्ताको सम्वन्धमा निर्णय भएको भए सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**७. संस्था दर्ता गर्न इन्कार गर्न सकिनेः** (१) देहायको अवस्थामा दर्ता अधिकारीले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछः-

(क) संस्थाको नाम,चिन्ह वा उद्देश्य वा काम कारवाही मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता,राष्ट्रिय एकता वा राष्ट्रिय स्वाधिनता प्रतिकूल हुने देखिएमा,

(ख) संस्थाको नाम,उद्देश्य वा काम कारवाही नेपालको संविधान वा प्रचलित कानून विपरित भएमा वा दफा २१ बमोजिम संस्थाले गर्न नहुने वा

गर्न नसक्ने कामसँग सम्वन्धित देखिएमा,

(ग) संस्थाको उद्देश्य वा काम कारबाही सर्वसाधरणको शिष्टता, मर्यादा, सदाचार वा सार्वजनिक नैतिकता प्रतिकुल भएको देखिएमा,

(घ) संस्थाको नाम संस्था दर्ताको लागि दफा ६ बमोजिम निवेदन दिनु भन्दा अघि नै दर्ता भइसकेको अन्य कुनै संथाको  नामसँग हुबहु मिलेको वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने द्धिविधा पार्ने प्रकृतिको भएमा,

(ङ) दफा ६ को उपदफा (४) बमोजिमको कागजात वा विवरण उपलब्ध नगराएमा ।

(२) उपदफा (१) बमोजिमको थप कागजात वा विवरण उपलब्ध नगराएमा,

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था उत्पन्न भएको कारणले संस्था दर्ता  गर्न नसकिने भउमा दर्ता अधिकारीले सोको कारण खुलाई त्यसंतो अवस्थामा सुधार गरी विधानको मस्यौदा पेश गर्न पन्ध्र दिनको समय दिनेछ  र सो बमोजिम सुधार गरेको विवरण पेश गरेमा दर्ता अधिकारीले संस्था दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण पेश नभएमा त्यस्तो निवेदन स्वतह निष्कृय हुनेछ ।

**८. संस्था दर्ताको प्रमाणपत्रः** (१) दफा (६) को उपदफा (३) वा दफा ७ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले संस्था दर्ता गर्न निर्णय गरेमा निवेदकले तोकिए बमोजिमको संस्था दर्ता दस्तूर बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तूर बुझाएमा दर्ता अधिकारीले संस्था दर्ता गरी तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र र निजले प्रमाणित गरेको उक्त प्रति विधान निवेदकलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रमाणपत्र देखिने गरी संस्थाको कार्यालयमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भएमा संस्था स्थापना भएको मानिनेछ  र संस्थाले यस ऐन वा प्रचलित कानूब बमोजिम सामाजिक कार्य गर्न वा गराउन सक्नेछ ।

**९. संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको संस्था कानूनी व्यक्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमका संस्था एक स्वायत्त संस्था हुनेछ र सोहि हैसियतमा यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त अधिकार,सुविधा र छुट प्रयोग गर्ने, जिम्मेवारी र दायित्व निर्वाह गर्न र कर्तव्यको पालना गर्न सक्नेछ ।

**१०. संस्थाको विधानः**

(१) आफ्नो उद्देश्य सुनिश्चित गरी कार्यान्यन गर्न, संस्थाको कार्य सम्पादन र आन्तरिक काम, कारबाहीलाई संचालन र व्यवस्थापन गर्न प्रत्येक संस्थाको एक विधान हुनेछ ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्था दर्ता भएपछि स्वतह विधान प्रारम्भ भएको मानिनेछ ।

(३) विधान सदस्यहरुको लागि एक बाध्यात्मक लिखत हुनेछ र यसको पालना गर्नस प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(४) विधानका अनुसूचिमा उल्लेखित विषयहरु समावेश भएको हुनु पर्नेछ ।

(५) संस्थाले यो ऐन, प्रचलित कानून तथा विधानको अधिनमा रहि संस्थाको कार्यसम्पादन सम्वन्धी कार्यविधिगत विषयहरु निर्धारण गर्न आवश्यक विनियमावली बनाउन सक्नेछ ।

**११. विधान संशोधनः** (१) संस्थाको तत्काल कायम रहेको कूल सदस्य मध्ये कम्तिमा दुई तिहाइ सदस्य उपस्थित भएको साधारण सभाको बैठकमा कम्तिमा दुई तिहाई बहुमतबाट विधानको संशोधन पारित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पारित भएका विधानको संशोधन स्वीकृतिको लागि दर्ता अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ७ बमोजिम इन्कार गर्न सकिने प्रकृतिको भएको नदेखिएमा दर्ता अधिकारीले निवेदन प्राप्त भएको २१ दिनभित्र संशोधन स्वीकृत भएको लिखित जानकारी सम्वन्धित संस्थालाई दिनुपर्नछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अंग हुनेछ र स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ हुनेछ ।

**१२. संस्थाको नविकरणः** (१) दफा ८ को उपदफा (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाणपत्र जुन आर्थिक वर्षमा दर्ता भएको हो

सोही आर्थिक वर्षको लागि बहाल रहनेछ र त्यसपछी दफा ४० र ४१ को अधिनमा रही प्रत्येक आर्थिक वर्ष प्रारम्भको कम्तिमा तीन महिना (असोज मसान्त) भित्रमा नविकरण गराउनु पर्नेछ।

तर पहिलो पटक दर्ता भएको संस्था दर्ता भएको एक वर्ष भित्र नविकरण गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नविकरण गराएको प्रमाणपत्र सोही आर्थिक वर्षको लागि मान्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले एकैपटक पाँच आर्थिक वर्षसम्मको लागि नविकरण गराउन चाहेमा त्यस्तो संस्थाले बढिमा पाँच वर्षको लागि एकमुष्ट नविकरण दस्तूर भुक्तानी गरी नविकरण गराउन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी नविकरण गराएको कारणले मात्र दफा २२ बमोजिमको प्रतिवेदन पेश गर्ने जिम्मेवारीबाट त्यस्तो संस्थाले छूट पाएको मानिने छैन ।

## परिच्छेद-३
## संस्थाको सदस्यता तथा संगठनात्मक स्वरुप

**१३. सदस्यताः** (१) कार्यकारी समितिले विधानको अधिनमा रही कुनै पनि नेपाली नागरिकलाई संस्थाको देहाय बमोजिमको कुनै सदस्यता वितरण गर्न सक्नेछः

(क) साधारण सदस्यता,

(ख) आजिवन सदस्यता,

(ग) विधानमा व्यवस्था भए बमोजिम अन्य कुनै किसिमको सदस्यता ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३१ को उपदफा (१) को खण्ड (ग) वा (च) बमोजिमको संस्था दर्ता गर्नको लागि सो उपदफाले बाधा पुऱ्याएको मानिनेछैन ।

(३) कार्यकारी समितिले संस्थाको साधारण सदस्यता वा आजिवन-सदस्यता वितरण गर्दा विधानको अधिनमा रही धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, उत्पति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न सक्ने छैन ।

(४) यस दफामा अन्यत्र जुसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्य

पूरा गर्न विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने कुनै पनि नेपाली विशिष्ट व्यक्तिलाई संस्थाले मानार्थ सदस्यता वितरण गर्न सक्नेछ ।

तर त्यस्तो सदस्यले साधरण सभामा मतदान गर्न वा कार्यकारी समितिको उम्मेदार हुन सक्नेछैन ।

(५) संस्थाले यस दफा बमोजिम वितरण गरेको सदस्यताको विवरण अध्यावधिक राख्नु पर्नेछ ।

(६) सदस्यता वितरण तथा मतदान सम्वन्धी अन्य व्यवस्था संस्थाको विधान बमोजिम हुनेछ ।

**१४. कार्यकारी समितिः** (१) सदस्यले साधरण सभाबाट आफु मध्येबाट विधानमा व्यवस्था भए बमोजिमको पदाधिकारी तथा सदस्य रहेको कम्तिमा नौ देखि बढिमा एघार जनाको एक कार्यकारी समितिको निर्वाचन गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा व्यवस्था भएको तदर्थ समिति संस्था स्थापना भएपछि स्वतङ्ग कार्यकारी समितिमा रुपान्तर हुनेछ र दर्ता भए पश्चालत बढिमा ३ महिना भित्रमा संस्थाको प्रारम्भिक वार्षिक साधारण सभा संचालन गरिसक्नु पर्नेछ र सो अवधिसम्मको लागि तदर्थ समिति नै कार्य समितिको हैसियतमा बहाल रहनेछ ।

(घ) यस ऐन वा विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम, कारवाही उपदफा (१) बमोजिमको कार्यकारी समितिले गर्नेछ र संस्थाको तर्फबाट भएको काम कारबाही प्रति जवाफदेही हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कार्यकारी समिति समावेशी प्रकृतिको र त्यसको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ ।

(५) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यकारी समिमतिका पदाधिकारी र सदस्यको पदाविध निजहरुले पदवहाली गरेको मितिबाट गणना हुने तीन वर्षको हुनेछ ।

(६) संस्थाले कार्यकारी समिमकतिको पदाधिकारी र सदस्यको वा त्यसमा भएको हेरफेरको विवरण निर्वाचन वा त्यसरी हेरफेर भएको तीस दिन

भित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(७) कुनै एक संस्थाको कार्यकारी समितिको पदाधिकारी र सदस्य समान उद्देश्य भएको अनय संस्थाको कार्यकारी समितिको पदाधिकारी रहन सक्नेछैन ।

तर-

(१) त्यस्तो संस्थाको सदस्य हुन, मतदान गर्न वा संस्थाको अन्य काम, कारवाहीमा सहभागी हुन बाधा पर्ने छैन ।

(२) (२) कुनै कार्यसमितिको पदाधिकारी वा सदस्य भउको कारणले त्यसंतो कस्स्थालाई प्रतिनिधित्व गर्ने महासंघ वा त्यसको पदाधिकारी हुन बाधा पर्ने छैन ।

(८) दर्ता अधिकारीले उपदफा (५) बमोजिमको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ ।

(९) कार्यकारी समितिको बैठक सम्वन्धी कार्यविधि र कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. साधरण सभाः** (१) प्रत्येक वर्ष कम्तिमा एक पटक संस्थाको साधरण सभा बस्नु पर्नेछ, र त्यस्तो सभालाई वार्षिक साधरण सभा मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको साधरण सभामा संस्थाको सदस्यहरु उपस्थित हुन र सभाको बैठकमा सहभागि हुन सक्नेछन ।

(घ) वार्षिक साधरण सभा बोलाउने तथा साधरण सभाको कार्यविधि,काम,कर्तव्य र अधिकार, यसले सम्पादन गर्ने कामको कार्यविधि तथ त्यस सम्वन्धी अन्य व्यवस्था विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछन ।

(४) उपदफा (१) बमोजिम बस्ने वार्षिक साधरण सभा आर्थिक वर्ष समाप्त भएको मितिले बढिमा ६ मिहना भित्र बस्नु पर्नेछ ।

**१६. विशेष साधरण सभाः** (१) विधानमा व्यवस्था भएको अवस्थामा र शर्तमा संस्थाको विशेष साधरण सभा बस्न सक्नेछ ।

(२) विशेष साधरण सभाको काम,कर्तव्य र अधिकार तथा त्यसको बैठक सम्वन्धी कार्यविधि विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## संस्थाको कार्य सञ्चालन तथा त्यसको नियमन

**१७. संस्थाको कार्य क्षेत्रः** (१)संस्थाले कार्य सम्पादन गर्न भौगोलिक कार्य क्षेत्र विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम भौगोलिक कार्य क्षेत्र उल्लेख गर्दा संस्थाले आफ्नो काम,कारबाही राषट्रिय, प्रदेश, स्थानीइ तह वा त्यसको कुनै वडा वा टोल कुन स्तरमा सञ्चालन वा विस्तार गर्ने हो सो कुरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(३) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न कुनै काम, कारवाही सञ्चालन गर्दा उपदफा (२) मा उल्लेख भएको भौगोलिक कार्य क्षेत्रको सीमा भित्र सिमित रहनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वन्धित कार्यक्षेत्रमा आफ्नो काम,कारबाही सञ्चालनगर्ने अधिकार प्राप्त कुनै संस्थासँग साझेदारीमा काम गर्ने आपसमा सहकार्य गर्न वा त्यस्तो संस्थालाई कुनै किसिमले सहयोग गर्न अर्को कार्य क्षेत्रको लागि अधिकार प्राप्त संस्थालाई बाधा पुऱ्याएको मानिने छैन।

(५) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई सञ्चालनमा रहेको संस्थाले यो ऐन प्रारम्भ भएको छ महिना भित्र आफ्नो विधान संशोधन गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ र त्यसको सूचना दर्ता अधिकारीलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचना नदिएमा त्यस्तो संस्थाको कार्यक्षेत्र स्वतः निष्कृय हुनेछ ।

**१८. संस्थाको वर्गीकरणः** (१) संस्थाले विधान बमोजिम आफ्नो उद्देश्य पूरा गर्दा कुन प्रकृतिको संस्थाको हैसियतमा कार्य सम्पादन गर्ने हो सो कुरा विधानमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि संस्थालाई अन्य कुराको अतिरिक्त देहायको प्रकृतिको रुपमा तोकिए बमोजिम वर्गिकरण गर्नु पर्नेछ।

(क) सचेतना प्रवर्द्धन वा जागरण,

(ख) अधिकारको पैरवी वा प्रवर्द्धन,

(ग) सामाजिक कल्याण वा परोपकार,

(घ) सामाजिक सेवा वा सामाजिक परिचालन,

(ङ) पर्यावरण वा वातावरण संरक्षण,

(च) सामाजिक न्याय,

(छ) सामुदायिक विकास,

(ज) सुशासन,लोकतान्त्रिक वा लैङ्गिक न्याय तथा समावेशी विकास,

(झ) उपभोक्ता हित र सरोकार संरक्षण,

(ञ) अध्ययन वा अनुसन्धान,

(ट) पेशागत हित प्रवर्द्धन र संरक्षण,

(ठ) धार्मिक वा साँस्कृतिक प्रवर्द्धन,

(ड) विकास निर्माणका आयोजना कार्यान्वयन,

(ढ) व्यवसाय प्रवर्द्धन गर्ने,

(ण) तोकिए बमोजिमका अन्य प्रकृति ।

(३) संस्थाले आफ्नो विधानमा जुन प्रकृतिको वर्गीकरणमा दर्ता हुदाँको बखत आफूलाई राखेको छ सोही प्रकृतिको उद्देश्यमा सिमित रही आफ्नो उद्देश्य कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढी प्रकृतिको उद्देश्य कार्यान्वयन गर्नको लागि कुनै संस्था दर्ता भएको भए तोकिए बमोजिमको दस्तूर भुक्तानी गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुनु अघि दर्ता भइसकेको संस्थाले यो ऐन प्रारम्भ भएको छ महिना भित्र उपदफा (२) बमोजिम वर्गीकरण हुन दर्ता अधिकारीलाई लिखित सूचना दिनु पर्नेछ।

**१९. संस्थाले गर्न सक्ने कामः** (१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न यो ऐन, प्रचलित कानून तथा विधानको अधिनमा रही आवश्यक काम गर्न सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम उद्देश्यसँग निकटतम सम्वन्ध राख्ने अन्य आवश्यक काम पनि गर्न सक्नेछ।

(३) उपदफा (१) तथा (द्द) को सर्वसामान्यतामा प्रतिकुल नहुने गरी संस्थाले

खास गरी देहायको काम गर्न वा गराउन सक्नेछः

(क) आफ्नो उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तर्जूमा गर्न र त्यसको कार्यान्वयन गर्ने,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउने,

(ग) विधानको अधिनमा रही आफ्नो कार्य क्षेत्र भित्र शाखा कार्यालय खोल्ने र त्यस मार्फत कार्य सम्पादन गर्ने,

(घ) संस्थाको बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) आफ्नो उद्देश्य कार्यान्वयन गर्न कर्मचारी,कामदार वा सल्लाहकार नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक,सुविधा र सेवाका शर्त निर्धारण गर्ने,

(च) आफ्नो उद्देश्य पूरा गर्नका लागि सदस्यहरुलाई वा स्वयम सेवकलाई परिचालन गर्ने,

(छ) संस्थाको चल वा अचल,भौतिक वा अभौतिक र मूर्त वा अमूर्त सम्पतिको संरक्षण गर्ने,

(ज) आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सामग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने,

(झ) खण्ड (ज) बमोजिमको सामग्री विक्रि वितरण गर्ने,

(ञ) सामाजिक सचेतना र सामाजिक जागरण प्रवर्द्धन गर्ने,

(ट) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था,कुनै पनि व्यक्ति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीइ तहबाट प्राप्त दान,अनुदान वा सहायता स्वीकार गर्ने,

(ठ) नागरिक संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्ने,

(ड) राष्ट्रिय एकता र सामाजिक सदभाव प्रवर्द्धन गर्ने,

(ण) खण्ड (ग) अन्तर्गत त्यस्ता बुँदाहरु विधानमा उल्लेख नभएको अवस्थामा भने सो अघि दर्ता अधिकारीबाट स्वीकृति लिनु पर्ने ।

(४) संस्थाले उपदफा (३) को खण्ड (च) बमोजिम कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धाबाट गर्नु पर्नेछ ।

तर कुनै खास काम गर्न एक वर्ष भन्दा कम अवधिका लागि नियुक्ति गर्दा

खुला प्रतिस्पर्धा गराउनु पर्ने छैन ।

**२०. अनुमति प्राप्त गर्नु पर्नेः** (१) संस्थाले दफा १९ बमोजिम आफ्नो उद्देश्य पुरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्न सक्ने अन्य काम गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको छुट्टै अनसमति पत्र वा इजाजतपत्र लिनु पर्ने रहेछ भने संस्था दर्ता भएको वा विधान स्कृत भएको कारणले मात्र संस्थाले त्यस्ता उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्ने अन्य काम गर्न स्वतङ् त्यस्ता अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको मानिनेछैन ।

(२) संस्था दर्ता नगरी वा अनुमतिपत्र वा इजाजतपत्र नलिई कुनै पनि काम कारवाहीहरु संचालन गर्न पाउने छैन ।

**२१. संस्थाले गर्न नहुने र गर्न नसक्ने कामः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भृतापनिन संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुदैनः

(क) नेपालको सार्वभौमसत्ता, भैगोलिक अखण्डता,राष्ट्रियता वा स्वाधीनतामा खलल पार्ने,

(ख) मुलुको विरुद्ध जासुसी गर्ने वा गराउने,

(ग) संस्थाको जानकारीमाआएको राष्ट्रिय गोपनियमता भङ्ग गर्ने,

(घ) नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य,संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

(ङ) कानून बमोजिम राज्यद्रोह हुने,

(च) संघिय इकाई बीचको सुसम्वन्धमा खलल पार्ने,

(छ) जातिय वा साम्प्रदायिक विद्धेष फैलाउने,

(ज) विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्वन्धमा खलल पार्ने,

(झ) हिँसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिँसाको प्रतार प्रसार गर्ने वा गराउने।

(२) उपदफा (१) मा उल्लेख भएको कामको अतिरिक्त संस्थाले देहायको काम गर्न सक्ने छैनः

(क) सार्वजिनक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

(ख) कुनै, व्यापार, व्यवसाय वा पेशा संचालन गर्ने वा मुनाफा कमाउने वा

मुनाफा वितरण गर्ने कुनै काम गर्ने वा गराउने,

स्पष्टिकरणः संस्थाले आफ्नो कोषको रकम बैंकमा जम्मा गरेको वा तत्काल संस्थालाई आवश्यक नपर्ने रकम कुनै लगानी गरेको वा यस ऐन बमोजिम सार्वजनिक कल्याणकोलागि कुनै परियोजना कार्यान्वयन गरेको कारणबाट प्राप्त गर्ने मनासिव प्रतिफललाई व्यापार वा मुनाफा कमाएको मानिनेछैन ।

(ग) दलगत राजनीतिक काम, कारवाही संचालन गर्नै वा कुन दलको पक्ष वा विपमा प्रचार प्रसार गर्नै वा गराउने,

(घ) उपदफा (१) मा लेखिएकोमा बाहेक प्रचलित कानून प्रतिकुल हुने अन्य कुनै काम गर्ने वा गराउने ।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम लघुवित्त कार्यक्रम संचालन गर्न अधिकार प्राप्त अधिकारीबाट अनुमति प्राप्त संस्थालाई त्यस्तो कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

(४) संस्थाले वा संस्थाको तर्फबाट उपदफा (१) वा (२) बमोजिमको कुनै काम गरेको भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्वन्धित संस्थाको कार्यकारी समितिको पदाधिकारी जिम्मेवार रहनेछन् ।

(५) उपदफा (१) वा (२) बमोजिमको कुनै काम संस्था भित्र वा संस्था भित्र वा संस्थाका पदाधिकारी वा कर्मचारीले गरेको कुरा संस्थालाई जानकारी भए पछि सम्वन्धित संस्थाले त्यस्तो कामको सम्वन्धमा अधिकार प्राप्त अधिकारीलाई जानकारी गराई सम्वन्धित पदाधिकारी वा कर्मचारीलाई कारबाही गरेको रहेछ भने त्यस्तो काम सम्वन्धित संस्थाले गरेको मानिने छैन जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम लघुवित्त कार्यक्रम संचालन गर्न अधिकार प्राप्त अधिकारीबाट अनुमति प्राप्त संस्थालाई त्यस्तो कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

**२२. वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** (१) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिना भित्र अघिल्लो आर्थिक वर्षमा त्यस्तो संस्थाले

सञ्चालन गरेको काम,कारबाहीको बार्षिक प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख वा संलग्न गर्नु पर्नेछः

(क) संस्थाले संचालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजना सञ्चानलन गर्दा लागेको रकम तथा त्यसको स्रोत,

(ग) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजनाको सञ्चालनबाट प्राप्त लाभ,लाभग्राहीको विवरण,

(घ) संस्थामा संलग्न कर्मचारी र कामदार,

(ङ) संस्थाको आर्थिक प्रतिवेदन,

(च) अन्य आवश्यक विवरण

## परिच्छेद-५
## विदेशी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था

**२३. अनुमति पत्र प्राप्त गर्नु पर्नेः** (१) यस गाउँपालिका भित्र स्वयंले वा स्थानीय संघ संस्थासँगको साझेदारीमा काम गर्न वा कुनै परियोजना सञ्चालन गरेन चाहने कुनै पनि विदेही नागरिक एंव अन्तराष्ट्रिय गैर सरकारी संस्थाले नेपाल सरकारको स्वीकृति लिईसकेको हो भने त्यस्तो व्यक्ति वा संस्थालाइ गाउँपालिका भित्र कार्य गर्न वा परियोजना संचालन गर्न स्वीकृति प्रदान गर्नेछ। तर सो को पूर्व जानकार अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि त्यस्तो व्यक्ति वा संस्थाले कार्यक्रम सञ्चालन गर्नु पुर्व देहायको विवरण तथा कागजात सहित तोकिएको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(क) सम्वन्धित संस्था कुन मुलुकमा दर्ता भएको हो,सो को विवरण,

(ख) सम्वन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरीएको आधिकारिक अनुवाद,

(ग) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(घ) गर्न चाहेको काम वा सञ्चालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम,

(ङ) खण्ड (घ) बमोजिमको काम गर्न वा परियोजना सञ्चालन गर्न आवश्यक बजेट रकम र त्यसको स्रोत,

(च) सहकार्य गर्न प्रस्ताव गरिएको गाउँपालिका भित्रको संस्थाको विवरण ।

(छ) (क) उपदफा (द्द) बमोजिम निवेदन प्राप्त भएमा दर्ता अधिकारीले यसको अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको कम्तिमा १५ दिन भित्र निवेदन गर्ने विदेशी नागरिक वा अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा नेपालको प्रचलित कानून बमोजिम अन्य स्थानिय तहहरुमा स्थायी ठेथाना रही दर्ता भएका गैर नाफामूलक संस्थाहरुलाई यस गाउँपालिकाम कुनै काम गर्न वा परियोजना सञ्चलन गर्न अनुमति दिन सकिने वा नसकिने सो सम्वन्धमा निर्णय गर्न देहायको समिति समक्ष पेश गर्नु पर्नेछ। संस्थाले यस नगरपालिकामा दर्ता भएको कुनै पनि संस्थासँग साझेदारीमा वा त्यस्ता संस्थालाई सहभागी गराई त्यस्तो काम गर्नु वा परियोजना संचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि संस्था छनौट गर्दा प्रतिस्पर्धात्मक हुने गरी तोकिए बमोजिमको कार्यविधि पुरा गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुराहरु उल्लेख भएता पनि यस गाउँपालिका भित्र सक्रिय रहेका संस्थाहरु आफैले विदेशी नागरिक वा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग प्रत्यक्ष सम्पर्कमा रही कोष तथा अनुदान रकम प्राप्त गरी कार्यक्रम संचालन गर्न ऐनलाई बाधा पर्ने छैन।

**२५. परियोजना सम्झौता गर्नेः** (१) विदेशी नागरिक वा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले गाउँपालिका भित्र कुनै परियोजना कार्यान्वयन गर्नु पर्ने भएमा तोकिए बमोजिम गाउँपालिकासँग परियोजना सम्झौता गर्नु पर्नेछ ।

**२६. बैकिङ्ग प्रणाली मार्फत रकम ल्याउनु पर्नेः** (१) दफा २३ को उपदफा (५) बमोजिम अनुमति प्राप्त गरेको संस्थाले मालारानी गाउँपालिका भित्र काम गर्ने वा परियोजना कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपालमा रकम ल्याउँदा बैकङ्ग प्रणाली मार्फत हस्तान्तरण वा भुक्तानी

हुने गरी ल्याउनु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम नेपालमा ल्याएको रकमको विदेही मुद्रामा खाता संचालन गर्न सक्नेछ।

**२७. नेपाली मानव स्रोत उपयोग गर्नु पर्नेः** (१) दफा २३ को उपदफा (५) बमोजिम मालारानी गाउँपालिकामा कुनै काम वा कुनै परियोजना संचालन गर्ने संस्थाले त्यस्तो काम गर्दा वा परियोजना संचालन गर्दा आवश्यक हुने विशेषज्ञ, कर्मचारी, सल्लाहकार वा कामदार नेपाली नागरिकलाई नियुक्ति गर्नु पर्नेछ र कार्यक्रम संचालनार्थ आवश्यक पर्ने जनशक्ति नियुक्ति गर्दा यस गाउँपालिका भित्रका नागरिकहरुलाई पहिलो प्राथमिकता प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा १) बमोजिम नियुक्ति गर्दा स्थानीय स्तरको समचार पत्रमा तथा सुचना टाँस गरी कम्तिमा एक्काईस दिनको समय दिई दुई पटकसम्म विज्ञापन गरी आव्हान गर्नु पर्नेछ । यसबाट पनि उपयुक्त विशेषज्ञ वा कर्मचारीहरु स्थानीय स्तरबाट उपलब्ध हुन नसकेमा त्यसको सबुद र प्रमाण सहित अन्य स्थानको नेपाली नागरिकहरुलाई नियुक्ति प्रदान गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ को उपदफा (५) बमोजिम नेपालमा काम गर्न अनुमति प्राप्त संस्थाको आवसीय वा नेपाल कार्यालयका प्रतिनिधिको रुपमा एक जना विदेशी नागरिकलाङ्ग नेपाल सरकारले संस्थामा काम गर्ने अनुमति प्रदान गर्नेछ ।

## परिच्छेद -६
## आर्थिक सहयोग सम्बन्धी व्यवस्था

**२८. आर्थिक सहयोग प्राप्त गर्न अनुमति प्राप्त गर्नु पर्नेः** (१) कुनै कार्यक्रम संञ्चालन अन्तराष्ट्रिय सरकारी संस्थाबाट वस्तुगत, प्राविधिक, आर्थिक

वा अन्य कुनै सहयोग वा अनुदान प्राप्त गर्न चाहाने संस्थाले देहायका विवरण खुलाई स्वीकृतको लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) संस्थाको दर्ता मिति र त्यसको संक्षिप्त विवरण,

(ख) संस्थाको मुख्य उद्देश्यहरु,

(ग) संचालन गर्न वा कार्यान्वयन गर्न प्रस्ताव गरिएको कार्यक्रम वा परियोजना,

(घ) कार्यक्रम संचालन वा परियोजना कार्यान्वयन गर्न आवश्यक हुने रकम ।

(ङ) कार्यक्रम संचालन वा परियोजना कार्यान्वयन गर्नका लागि सहयोग प्रदान गर्ने विदेशी नागरिक तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको विवरण

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दर्ता अधिकारीले नगर कार्यपालिकासँग समन्वय गरी निवेदन प्राप्त भएको १५ दिन स्वीकृति दिनु पर्ने मनासिव देखिएमा स्वीकृति प्रदान गर्नेछ ।

**२९. प्रयोजन बमोजिम रकम खर्च गर्नु पर्नेः** (१) संस्थाले जुन प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी सरकार वा नेपाल स्थित विदेशी नियोग, अन्तराष्ट्रिय वित्तिय संस्था वा विदेशी नागरिक एवं अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट रकम प्राप्त गरेको हो, सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरेको विवरणको एक प्रति प्रतिवेदन दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

## परिच्छेद-७

## दर्ता अधिकारी तथा त्यसको काम,कर्तव्य र अधिकार

**३०. दर्ता अधिकारीका कार्यालयः** (१) दर्ता अधिकारीको कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई मानिनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीको अतिरिक्त निजलाई सहयोग गर्न सहायक अधिकारी र अन्य अधिकारी र अन्य आवश्यक कर्मचारीहरु

तथा अन्य साधन स्रोत गाउँपालिकाले उपलब्ध गराउने छ ।

**३१. दर्ता अधिकारीको काम कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको संचालन,नियमन र व्यवस्थापनलाई सहजिकरण गर्ने,

(ख) संस्थाको संचालन र व्यवस्थापनको सम्बन्धमा कञ्चन गाउँपालिका र सामाजिक संस्थाबिच समन्वय गर्न सहयोग गर्ने,

(ग) संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधाको सहज पहुँच सुनिश्चित गर्न सहयोग गर्ने,

(घ) सामाजिक संस्थाको दर्ता, संचालन, नियमन र व्यवस्थापनका सम्बन्धमा समय समयमा गर्नुपर्ने नीतिगत,संस्थागत र कानूनी सुधारका सम्बन्धमा गाउँ कार्यपालिकालाई सुझाव दिने,

(ङ) कार्यक्रम संचालन, परियोजना कार्यक्रम वा कार्य क्षेत्रको सम्बन्धमा संस्थाबीच विवाद उत्पन्न भएमा त्यसको मेलमिलाप गराउने वा मध्यस्थको रुपमा विवाद समाधान गर्ने

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने वा गराउने

(२) दर्ता अधिकारीले आफूले सम्पादन गरेको काम,कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख गर्नु पर्नेछ :

क) गाउँपालिकामा दर्ता भई वा यस ऐन अगावै दर्ता भई गाउँपालिकाको स्वीकृति लिई संचालनमा रहेका कूल संस्थाको विवरण,

ख) गाउँपालिका भित्र कार्यरत कुल विदेशी नागरिक तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको विवरण र सो को अनुदानमा संचालित स्थानीय संस्थाहरुको विवरण,

(ग) खण्ड (क) र (ख) बमोजिमको संस्थाको कुल वित्तिय कारोबारको विवरण,

(घ) खण्ड (क) र (ख) बमोजिमको संस्थाको कुल वित्तिय कारोबारको

विवरण

(ङ) संस्थाको नियमन गर्न दर्ता अधिकारीले गरेको काम, कारवाहीको विवरण,

(च) प्रतिवेदनले समेटेको आर्थिक वर्ष भित्र निलम्बन वा खारेज गरिएको संस्थाको विवरण,

(छ) संस्थाका काम कारवाहीलाई प्रभावकारी र पारदर्शी बनाउन र संस्थाको दिगोपन सुनिश्चित गर्न स्थानीय तहले गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विवरण,

(ज) अन्य आवश्यक विवरण ।

(३) गाउँ कार्यपालिकाले उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनलाई जानकारीका लागि गाउँ सुशासन समिति मार्फत गाउँ सभामा पेश गर्नेछ ।

**३२. निर्देशन दिन सक्नेः** (१) दर्ता अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावलीको अधिनमा रही आफूले दर्ता गरेका संस्थाको काम, कारबाहीलाई अझ बढी मर्यादित, पारदर्शी, समाजसेवी वा कल्याणकारी बनाई यसको दिगोपनलाई सुनिश्चित गर्न समय समयमा लिखित निर्देशन दिन सक्नेछ ।

**३३. आचार संहिताः** (१) कार्यकारी समितिले सम्बन्धित संस्थाको प्रकृति अनुसार कार्यकारी समितिको पदाधिकारी वा सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाइ लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहिता पालना गर्नु सम्बन्धित पदाधिकारी वा सदस्य वा संस्थाको कर्तव्य हुनेछ ।

(३) दर्ता अधिकारीले समय समयमा संस्था, प्रवन्ध समितिका पदाधिकारी वा सदस्यले उपदफा (१) बमोजिमको आचार संहिता पालना गरे वा नगरेको अनुगमन गर्न वा गराउन सक्नेछ ।

**३४. अनुगमन गर्नेः** (१) दर्ता अधिकारीले यस ऐन बमोजिम संस्था संचालन भए वा नभएको आफै वा कुनै विशेषज्ञ नियुक्ति गरी अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा अनुगमन गर्ने

अधिकारीले सम्बन्धित संस्थाबाट आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ र त्यस्ता कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद- ८

## संस्थाको कोष,लेखा,लेखापरीक्षण तथा सम्पत्तिको व्यवस्थापन

**३५. संस्थाको कोषः** (१) आफ्नो उद्देश्य पुरा गर्नका लागि आवश्यक कार्यक्रम वा आयोजना संञ्चालन गर्न वा काम कारवाही गर्न वा गराउन संस्थाका एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछनः

(क) सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क वापत प्राप्त रकम,

(ख) संस्थाले उत्पादन गरेका कुनै प्रकाशनको विक्रीबाट प्राप्त रकम,

(ग) संस्थालाई तत्काल आवश्यक नभएको रकम लगानीबाट प्राप्त प्रतिफल वापतका रकम

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी संस्थाबाट कुनै किसिमले प्राप्त गरेको रकम,

(ङ) कुनै कम्पनी वा संगठित संस्थाबाट संगठित सामाजिक जिम्मेवारी (कार्पोरेट रिस्पोन्सीविलिटी) अन्तरगत खर्च गर्न प्राप्त हुन सक्ने रकम,

(च) विदेशी व्याक्ति वा संस्था वा विदेशी सरकार वा अन्तराष्ट्रिय निकायबाट प्राप्त रकम,

(छ) कुनै व्याक्ति वा संस्थाबाट अन्य कुनै किसिमबाट प्राप्त रकम ।

(३) संस्थाले उपदफा (१) को खण्ड (च) बमोजिमको रमक प्राप्त गर्नु अघि दर्ता अधिकारी मार्फत गाउँ कार्यपालिकाको सिफारिसमा समाज कल्याण परिषद् र नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(४) संस्थाले उपदफा ३ बमोजिमको रकम प्राप्त गर्दा बैकिङ्ग प्रणाली मार्फत रकम हस्तान्तरण गरी प्राप्त गर्नु पर्नेछ ।

(५) संस्थाले कुनै व्याक्तिलाई एक पटकमा दश हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा वा कुनै व्याक्ति वा संस्थाबाट बीस हजार रुपैयाँ

भन्दा बढी रकम प्राप्त गर्दा बैंक चेक वा बैंकिङ्ग हस्तान्तरण प्रणाली मार्फत गर्नु पर्नेछ ।

(६) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्दा तोकिए बमोजिम स्वीकृत कार्यक्रम वा परियोजनाको आधारमा प्राप्त गर्नु पर्नेछ ।

**३६. कोषको खाता सञ्चालनः** (१) संस्थाले दफा ३५ को उपदफा (१) बमोजिमको रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता विधानमा व्यवस्था भए बमोजिम वा कार्यकारी समितिको निर्णय बमोजिम त्यस्ता समितिका कम्तिमा २ जना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम रकम जम्मा गरी प्राप्त गरेको प्रतिफललाई मुनाफा प्राप्त गरेको मानिने छैन ।

**३७. संस्थाको लेखाः** (१) संस्थाले आफ्नो आर्थिक कारोबारका विवरण पारदर्शी ढँगबाट कायम राख्न आवश्यक खातावही र स्रेस्ता राख्नु पर्नेछ र त्यस्ता खाता विद्युतिय माध्यमबाट वा स्वरुपमा पनि राख्न सकिनेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिमको खातावही र स्रेस्ताको विवरण कम्तिमा १५ दिनको अवधी भित्र सदस्यहरुले हेर्न पाउने गरी प्रत्येक आर्थिक बर्षका लागि समय निर्धारण गरी सदस्यहरुलाई सूचना गर्नु पर्नेछ ।

(३) संस्थाको रकम हिनामिना भएमा वा कुनै उजुरी परेमा दर्ता अधिकारीले कुनै पनि बखत संस्थाको लेखा,खातावही,श्रेस्ता निरीक्षण गर्न वा गराउन सक्नेछ ।

**३८. लेखापरीक्षणः** (१) संस्थाको साधारण सभाबाट नियुक्त लेखा परीक्षकले दफा ३७ बमोजिम राखेको लेखाको लेखापरीक्षण गर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र दफा २२ बमोजिम पेश गर्ने प्रतिवेदनमा लेखापरिक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुन संस्थाले लेखापरिक्षण प्रतिवेदन पेश नगरेको उजुरी प्राप्त भएमा वा संस्थाको रकम वा सम्पति हिनामिना भएको कुनै उजुरी परेमा वा दर्ता अधिकारीलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा त्यस्तो संस्थाको लेखापरिक्षण गराउन सक्नेछ र त्यसरी लेखा परीक्षण गर्ने लेखापरिक्षकले दर्ता अधिकारी र सम्बन्धित कार्यकारी समितिलाई प्रतिवेदन बुझाउनेछ ।

(३) उपदफा (२) बमवजिम लेखापरिक्षण गराउँदा लागेको खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक पचास हजार रुपैया भन्दा कम रकमको कारोवार गर्ने संस्थाले चाहेमा लेखापरीक्षण गराउनु पर्ने छैन र त्यस्ता संस्थाले आय व्ययको विवरण दफा २२ बमोजिम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ तर उक्त आर्थिक प्रतिवेदन संस्थाको कार्य समिति मार्फत स्वीकृत भएको हुनुपर्नेछ ।

**३९. सम्पतिको व्यवस्थापनः** (१) संस्थाले आफ्नो चल,अचल, भौतिक, अभौतिक, वा मुर्त वा अमुर्त सम्पतिको विवरण सहितको लगत अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको लगत विवरण सदस्यको निरीक्षणको लागि प्रत्येक वर्ष कम्तिमा १५ दिनको सूचना दिई पन्ध्र दिनको लागि खुला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लगत कार्यकारी समितिका प्रतिवेदन सहित वार्षिक साधारण सभामा पेश गर्नु पर्नेछ ।

(४) संस्थाले व्याक्ति सरह चल अचल सम्पत्ति खरिद गरि प्राप्त गर्न र उपभोग गर्न सक्नेछ ।

(५) संस्थाले आफुले खरिद गरी उपभोग गरिरहेको चल अचल सम्पत्तिहरु बेचबिखन गर्न पाउने छैन तर यस्तो सम्पत्तिहरु कुनै सरकारी, सार्वजनिक वा अन्य सामाजिक संस्थाहरुलाई हस्तान्तरण भने गर्न सक्नेछ ।

## परिच्छेद-९
## निलम्बन तथा विघटन

**४०. संस्था वा पदाधिकारीको निलम्बनः** (१) देहायको अवस्थामा देहायका अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछ :

(क) कुन संस्थाले दफा १२ बमोजिम संस्था नवीकरण नगराएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले छ महिनाको

अवधिसम्म,

(ख) कुनै संस्थाले दफा २२ बमोजिम पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक बर्ष को अन्तिम दिनसम्मको अवधिमा नवढाई त्यस्तो प्रतिवेदन पेश नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम अवस्था उत्पन्न भई संस्था निलम्बन भएमा सम्बन्धित संस्थाले सो सम्बन्धमा यथाशिघ्र दर्ता अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको संस्थाले निलम्बनको अवधि भित्र नवीकरण गराएमा वा वार्षिक प्रतिवेदन पेश गरेमा नवीकरण गराएको वा प्रतिवेदन पेश गरेको मितिबाट स्वतः निलम्बन अन्त्य हुनेछ ।

(४) कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यले दफा २१ को उपदफा (१) बमोजिमको कुनै काम गरेको कारणले त्यस्ता पदाधिकारी वा सदस्यको विरुद्ध कानून बमोजिम मुद्दा दायर भयर वा प्रचलित कानून बमोजिम निज थुनामा रहेको अवधिभर निज स्वतः निलम्बन हुनेछ ।

(५) उपदफा (१) बमोजिम संस्था निलम्बन भएमा निलम्बन फुकुवा हुनका लागि गर्नुपर्ने आवश्यक काम बाहेक अन्य कुनै काम गर्न सक्ने छैन ।

**४१. संस्थाको विघटनः** (१) देहायका अवस्थामा दर्ता अधिकारीले संस्था विगठन गर्ने आदेश दिन सक्नेछ ।

(क) विधान बमोजिम साधारण सभाबाट संस्था विगठन गर्ने प्रस्ताव पारित गरी कार्यकारी समितिले दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

(ख) यस ऐन वा विधान बमोजिम संस्थाका उद्देश्य पुरा गर्नका लागि कार्य संचालन गर्न नसकेको कारण देखाई कार्यकारी समितिले संस्था विगठन गर्न दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

(ग) दफा ४० को उपदफा (५) बमोजिम संस्था निलम्बनका अवधिभर संस्थाले आफ्नो काम कारवाहीमा सुधार नगरेमा ।

(२) कुनै संस्था वा संस्थाको तर्फबाट वा त्यस्ता संस्थाभित्र दफा २१ को

उपदफा (१) बमोजिमको कसुर वा संगठीत अपराध गरेको अदालतबाट ठहर भएमा त्यस्तो संस्था स्वतः विगठन भएको मानिनेछ ।

तर त्यस्तो कसुर वा अपराध भएको विषयमा सम्बन्धित संस्थाले अधिकार प्राप्त अधिकारीलाई जानकारी दिएमा वा त्यस्ता कसुर वा अपराध गर्ने व्यक्तिलाई मुद्दा दायर हुनु अघि सदस्यबाट हटाएमा त्यस्ता संस्था विघटन हुने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको कारण उत्पन्न भएमा दर्ता अधिकारीले पन्ध्र दिनको समय दिई संस्था विघटन गर्नु नपर्ने कुनै कारण भए त्यसका स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनाशिव देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न काम गर्न दिनेछ ।

(५) उपदफा (३) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ ।

(६) यस दफा बमोजिमको संस्था विघटनको आदेशमा चित्त नबुझ्ने संस्थाले रुपन्देही जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**४२. संस्था विघटन परिणामः** (१) दफा ४१ बमोजिम कुनै संस्था स्वतः विघटन भएमा वा दर्ता अधिकारीले त्यस्ता संस्था विघटन गर्ने आदेश दिएमा त्यसरी विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिकामा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका सम्पत्तिको स्वामित्व एक वर्षसम्म कञ्चन गाउँपालिकाले आफ्नो मातहतमा राख्नु पर्नेछ र एक वर्ष पछि समान प्रकृतिका उद्देश्य भएको अन्य स्थानीय संस्थालाई हस्तान्तरण गर्न वा अन्य कुनै कल्याणकारी काममा प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद-१०
## कसूर तथा सजाय, जरिवाना

**४३. कसूर तथा सजायः** (१) कुनै व्यक्ति वा संस्थाले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :

(क) यस ऐन बमोजिम संस्था दर्ताको प्रमाणपत्र प्राप्त नगरी कसैले संस्था स्थापना गरेमा, सदस्यता वितरण गरेमा, संस्थाको काम कारबाही संचालन गरेमा वा कुनै रकम संकलन गरेमा,

(ख) दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कुनै विदेशी गैर सरकारी संस्था वा अन्तराष्ट्रिय गैर सरकारी संस्थाका तर्फबाट कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम विघटन वा निलम्बन भएको संस्थाको तर्फबाट कुनै काम गरेमा,

(घ) दफा १३ विपरित विदेशी नागरिकलाई संस्थाका सदस्यता वितरण गरेमा,

(२) उपदफा (१) बमोजिमका कसूर गर्न वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः

(क) खण्ड (क) वा (ग) बमोजिमको कसूर भए दुई हजार पाँच सय रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमका कसूर भए दश हजार रुपैयासम्म जरिवाना,

(ग) खण्ड (घ) बमोजिमको कसूर भए तीन महिनासम्म कैद वा तीस हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय ।

(३) यस दफा बमोजिमका कसूर मानिने कुनै काम प्रचलित कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्ता कसुरमा सोही कानून बमोजिम कारबाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमका कसूर गर्ने विदेशी व्याक्तिको प्रवेशाज्ञा रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।

४४. कसूरको अनुसन्धानः (१) दफा ४३ अन्तर्गतका कसूरको अनुसन्धान दर्ता अधिकारी वा निजले तोकेको अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका अधिकृतले त्यस्ता कसूरको अनुसन्धान सम्पन्न गरी आफ्नो राय तथा निश्कर्ष सहित मुद्दा चल्ने वा नचल्ने निर्णय र मुद्दा चलाउन सकिने भए अभियोजनका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको सुनुवाई, कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

**४५. जरिवाना गर्न सक्ने:** (१) दर्ता अधिकारीले देहायको अवस्थामा सम्बन्धित संस्थालाई पहिलो पटकको लागि रु पाँच हजार र बढिमा दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ:

(क) दफा ११ विपरित विधान लागु नगरी कुनै काम गरेमा,

(ख) दफा २० विपरित अनुमति प्राप्त नगरी कुनै काम गरेमा,

(ग) दफा ४३ को उपदफा (३) विपरित नेपाल सरकारको अनुमति प्राप्त नगरी रकम प्राप्त गरेमा,

(घ) दफा ३७ बमोजिम सम्पत्तिको लगत नराखेमा,

(ङ) दफा ३३ बमोजिमको निर्देशन पालना नगरेमा,

(च) यस ऐन बमोजिम संस्थाले गर्नुपर्ने कुनै काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नु अघि दर्ता अधिकारीले तोकिए बमोजिमका कार्यविधि पुरा गर्नु पर्नेछ ।

## परिच्छेद- ११
## विविध

**४६. सहकार्य गर्न सकिने:** (१) मालारानी गाउँपालिकाले जारी गरेको नीति, कार्यक्रम वा कानूनको सम्बन्धमा सामाजिक जनचेतना प्रवर्द्धन गर्न वा समाज सेवा तथा सामुदायिक सेवामा उत्प्रेरणा गर्न गाउँपालिकाले संस्थासँग सहकार्य वा सार्वजनिक-निजि-साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सहकार्य वा सार्वजनिक-निजी-साझेदारीको प्रारुप तथा संस्था छनौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४७. पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र दिन सकिने:** (१) मालारानी गाउँपालिकाले गाउँ सभाको सिफारिसमा प्रत्येक वर्ष समाज सेवा वा सामाजिक संस्थाको क्षेत्रमा काम गर्ने व्यक्ति वा सामाजिक संस्थाहरुमध्ये उत्कृष्ट, असाधारण र उल्लेखनीय काम गर्ने व्याक्ति वा संस्थालाई पुरस्कार,सम्मानपत्र वा प्रसंशापत्र प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कार मध्ये एक गाउँ स्तरीय समाजसेवा पुरस्कार र वडा स्तरका समाजसेवा पुरस्कार हुनेछन् ।

(३) पुरस्कार तथा सम्मानपत्र र प्रंसशापत्र प्रदान गर्ने कार्यविधि, पुरस्कारको रकम छनौट विधि र आधार तथा त्यस सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

**४८. यस ऐन बमोजिम कार्य सम्पादन गर्न नसक्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम कम्पनी वा गुठीलाई भने यस ऐन अनुसार कार्य सम्पादन गर्न बाधा पर्ने छैन ।

तर सामुहिक कार्य सञ्चालनार्थ गठन भएका गुठीलाई भने यस ऐन अनुसार कार्य सम्पादन गर्न बाधा पर्ने छैन ।

**४९. नियम बनाउनेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मालारानी गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**५०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन अन्तर्गत गर्न नहुने वा गर्न नसक्ने कुनै काम प्रचलित कानून बमोजिम फौजदारी कसुर मानिने रहेछ भने त्यस्ता कसूरमा मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**५१. खास प्रकृतिको संस्थाका दर्ता तथा संचालनः** कुनै खास संस्था किसिमको संस्थाका दर्ता, संचालन वा नियमनका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता संस्थाका दर्ता,सञ्चालन वा नियमनका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ ।

**५२. खारेजी र बचाउः** (१) संस्था दर्ता ऐन,२०३४ अन्तर्गत दर्ता भएको संस्था उस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनी यसै गाउँपालिकालाई कार्यक्षेत्र बनाई संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका संस्थाहरुले दफा १८ को खण्ड ५ बमोजिम कार्य सञ्चालन वर्गिकरण समेत पुनः स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

## अनुसूची -१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

मितिः......../...../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मालारानी गाउँ कार्यपालिकाको कार्यालय,
खनदह, अर्घाखाँची ।

**विषयः संस्था दर्ता गरी पाउँ ।**

हामीले ....................................................नामक सामाजिक संस्था मालारानी गाउँपालिकाको स्थानीय संस्था दर्ता ऐन, २०७९ बमोजिम दर्ता गर्न चाहेकाले प्रस्तावित विधानको २ (दुई) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसै साथ संग्लग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौ ।
विवरण

**१. संस्थाको नामः**

२. संस्थाको ठेगानाः अर्घाखाँची जिल्ला मालारानी गा.पा. वडा नं.: ........
३. संस्थाको घर नं.: ....... टेलिफोन नं.: ..................
४. ईमेलः................................... पो.ब.नं.: ...............
५. संस्थाको मुलभुत उद्देश्यः.....................................................
६. संस्थाको आर्थिक स्रोतः........................................................
७. प्रबन्ध समितिका पदाधिकारीः

| क्र.सं. | नाम, थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |

भवदीय
.............................
संस्थाको अध्यक्ष
मितिः

**अनुसूची -२**
**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**
**मालारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खनदह, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

निर्णय मितिः..............................
दर्ता मितिः..............................
दर्ता नं.: ..............................

**प्रमाण - पत्र**

श्री अध्यक्षज्यू,
....................................
मालारानी गाउँपालिका वडा नं.:.......... ।

..................................................नामक संस्था, मालारानी गाउँपालिकाको स्थानीय संस्था दर्ता ऐन, २०७९ को दफा (८) बमोजिम मिति .................. मा दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

दर्ता अधिकारीको सहीः-
पुरा नामः-
दर्जाः-

**द्रष्टव्यः यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नवीकरण गर्नु पर्नेछ ।**

**नवीकरण**

| नविकरण गरेको मिति | नवीकरण बहाल रहेको अवधि | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |

## अनुसूची-३
## (दफा १० को उपदफा (४) सँग सम्बन्धित)
## संस्थाको बिधानमा रहनु पर्ने विषयहरुः

१. प्रस्तावना
२. विधानको नाम
३. विधान प्रारम्भ हुने मिति
४. संस्थाको पुरा नाम र छोटकरी नाम भए त्यस्ता नाम
५. संस्थाको उद्देश्य तथा संस्थाले सम्पादन गर्ने काम
६. संस्थाको कार्यक्षेत्र
७. संस्थाको किसिम (दफा १८ को उपदपा (२) को वर्गीकरण अनुसार)
८. संस्थाको कार्यलय रहने ठेगाना
ढ. संस्थाका सदस्यको किसिम र सदस्यता वितरण गर्ने कार्यविधिगत व्यवस्था
१०. मानार्थ सदस्य दिन सकिने भए त्यसको व्यवस्था
११. सदस्यको विवरण किताब
१२. संस्थाको साधारण सभा वा विशेष साधारण सभा
१३. संस्थाको कार्यकारी समितिको गठन
१४. संस्थाको आर्थिक स्रोतको विवरण
१५. संस्थाको शाखा खोल्न सकिने भए सो को व्यवस्था
१६. नेपाल बाहिर शाखा खोल्न वा कार्य गर्न सक्ने भए त्यसका व्यवस्था
१७. संस्थाको लेखा लेखापरीक्षकका नियुक्ति र लेखापरीक्षण
१८. संस्थाका विधान संशोधन सम्बन्धी व्यवस्था
१९. संस्थाले कुनै कल्याणकारी परियोजना सञ्चालन वा कार्यान्वयन गर्ने भए त्यस्तो व्यवस्था
२०. विनियमावली बनाउने अधिकार
२१. संस्था विघठन हुन सक्ने अवस्था
२२. अन्य आवश्यक विवरण (संस्थाको प्रकृति बमोजिम आवश्यक व्यवस्था थप गर्न सकिनेछ ।)

प्रमाणिकरण :

आज्ञाले
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत